**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १५ जून २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- मुख्यमंत्री शुभेंदु अधिकारी भोलि खर्साङको भ्रमणमा आउनु हुनेछ|

- आर.जी. कर मेडिकल कॉलेज एवं अस्पतालमा महिला चिकित्सकको दुष्कर्म अनि हत्या मामिलाको नयाँ जांच अन्तर्गत केंद्रीय अन्वेषण ब्यूरो (सीबीआई)को विशेष जांच टीम आज अस्पताल पुग्यो।

- राज्यका पर्यटन मंत्री शंकर घोषले सिलीगुड़ीमा औपचारिक रूपले पर्यटन विभागको कार्यभार संभाल्नु भएको छ।

- दार्जीलिंग वेलफेयर सोसाईटी तथा फिजीक्स वालाले उत्कर्ष कार्यक्रमको शुरुवात गरेको छ|

- मौसम विभाग अनुसार उत्तर बंगालको जिल्लाहरुमा भारी देखि अति भारी बर्षाको क्रम जारी रहने छ।

**मुख्यमंत्री शुभेन्दु भ्रमण**

मुख्यमंत्री शभेन्दु अधिकारी भोली बिहान एकदिने दार्जीलिङ भ्रमणमा आउँदै हुनुहुन्छ। उहाँ बागडोरा हवाई अड्डादेखि सड़क मार्ग अथवा मौसम राम्रो रहे हेलिकप्टर द्वारा आनुहुनेछ। उहाँले बिहान खरसांगको गोथल्स मैदानमा जन कल्याण शिविर बारे प्रशासनिक बैठक गर्नुहुनेछ। उहाँले दार्जीलिङ पहाड़को विकासलाई गति दिने विषयमा दार्जीलिङ तथा कालेबुङ जिल्ला शासकहरू , पुलिस अधिकारीहरू , महकुमा अधिकरीहरूबीच बैठक गर्नुहुनेछ। त्यसपछि उहाँले खरसांगको मन्टिभ्यिट मैदानमा भाजपा कार्यकर्ताहरू तथा आम जनतालाई एक जनसभामा संबोधित गर्नुहुनेछ।

**मुख्यमन्त्री- जनकल्याण शिविर**

राज्य सरकारको पहलमा आजदेखि जनकल्याण शिविरहरुको शुरुआत भएको छ। मुख्यमंत्री शुभेंदु अधिकारीले पूर्व मेदिनीपुर जिल्लाको रेयापाड़ाबाट यस कार्यक्रमको शुभारंभ गर्दै सरकारी योजनाहरु, रोजगार, स्वास्थ्य अनि सामाजिक सुरक्षासित जोडिएको कयौ महत्वपूर्ण घोषणा गर्नुभयो।
मुख्यमंत्रीले भन्नुभयो, 15, 16 अनि 17 जूनसम्म राज्यभरिको लगभग 1100 स्थानहरुमा जनकल्याण शिविर आयोजित गरिनेछ। यी शिविरहरुको माध्यमले केंद्र अनि राज्य सरकारको 54 महत्वपूर्ण योजनाहरुसित सम्बन्धित सेवाहरु मानिसहरुलाई उपलब्ध गराइने छ।

उहाँले भन्नुभयो, अन्नपूर्णा योजना अन्तर्गत लाभार्थिहरुको सूची तयार गर्ने काम जारी छ। आज बिहानसम्म 79 लाख महिलाहरुको बैंक खातामा तीन हजार रुपियाँको सहायता राशि भुक्तान गरिएको छ। मुख्यमंत्रीले दाबी गर्नुभयो, आगामी दिनहरुमा सबै पात्र लाभार्थिहरुसम्म योजनाको लाभ पुराइने छ। रोजगारको मुद्दामा मुख्यमंत्रीले संदेश दिंदै भन्नुभयो सरकारी नियुक्तिहरुमा पूर्ण पारदर्शिता अपनाईने छ । उहाँले स्पष्ट गर्नुभयो, सिफारिश र उत्तर पुस्तिकामा हेरफेर जस्ता कुनैपनि व्यवस्थालाई सहन गरिने छैन। परीक्षार्थिहरुलाई ओएमआर शीटको कार्बन प्रति घर लैजाने सुविधा दिइने छ। साथै मौखिक परीक्षाको अंकहरुको महत्व कम गर्ने अनि शैक्षणिक अंकहरुलाई पनि मूल्यांकन प्रक्रियामा सामेल गर्ने गरिने मुख्यमन्त्रीले बताउनुभयो। मुख्यमंत्रीले भन्नुभयो अनुसूचित जाति, अनुसूचित जनजाति, अन्य पछारिएका वर्ग, दिव्यांग अनि आर्थिक रूपले कमजोर वर्गका लागि नियमानुसार आरक्षण सुनिश्चित गरिनेछ।

उहाँले भन्नुभयो जनकल्याण शिविरहरुमा अन्नपूर्णा योजना, आयुष्मान भारत योजना, सुकन्या समृद्धि योजना, बेटी बचाओ-बेटी पढ़ाओ, किसान क्रेडिट कार्ड, भूमि पट्टा आवेदन, भूमि अभिलेख संशोधन, म्यूटेशन, नागरिकता आवेदन, कृषि अवसंरचना निधि तथा छात्र-छात्राहरुका लागि स्टूडेंट क्रेडिट कार्ड जस्ता सेवाहरुसित संबंधित समस्याहरुको समाधान गरिने छ।

**जनकल्याण शिविर**

राज्य सरकारको पहलमा आजदेखि जनकल्याण शिविरहरुको शुरुआत भएको छ। यसै क्रममा पहाडको दार्जीलिंग अनि कलेबुंग जिल्लाका बिभिन्न क्षेत्रहरुमा जनमुखी योजनाहरु राज्यबासी सम्म पुराउने उद्देश्यले शिबिरहरुको आयोजन गरियो| जलपाईगुड़ी जिल्लाको राजगंज विधानसभा क्षेत्रमा पहिलो दिन नै भारी भीड़ देखियो। राजगंज बीडीओ कार्यालय नजिक फायर ब्रिगेड ग्राउंडमा आयोजित यस शिविरमा बिहानदेखि ठुलो संख्यामा मानिसहरु उपस्थित थिए।
प्रशासनको तर्फबाट कुल 20 कैंपहरुको माध्यमले 54 प्रकारको सरकारी सेवाहरु उपलब्ध गराइएको थियो। जसमा आयुष्मान भारत योजनाको काउंटरमा अत्यधिक भीड़ देखिएको थियो।

**राजु बिष्ट**

दार्जिलिङका सांसद राजु विष्टको नेतृत्वमा आज खरसाङ बजारमा सर सफाई अभियानको कार्यक्रम सम्पन्न गरिएको छ। यस क्रममा सांसदले खरसाङको मोटर स्ट्याण्डबाट सफाई अभियानको डेमो गरेर हिल कार्ट रोड हुँदै खरसाङ बजार क्षेत्रमा सफाई अभियान सम्पन्न गर्नुभयो। यो सफाई अभियान डेमोको रुपमा आयोजना गरिएको र जनतालाई सफाई राख्नलाई सचेतना गराउन आयोजना गरिएको छ। यस सफाई अभियानमा सांसद राजु विष्टसितै खरसाङका विधायक सोनाम लामा, भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला अध्यक्ष सञ्जीव लामा लगायत भारतीय जनता पार्टीको प्रतिनिधिहरु उपस्थित रहेका थिए। यस सफाई अभियान विषयमा पत्रकारहरुसित कुराकानी गर्दै सांसद राजु विष्टले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतीय जनता पार्टीको सरकारले १२ बर्ष पुरा गरेको अवसरमा खरसाङमा सफाई अभियान अन्तर्गत डेमो कार्यक्रम आयोजना गरिएको जानकारी गराउनु भयो। उहाँले सफाई अभियानको डेमो मात्र होइन तर दैनिक जीवनमा नै सर सफाई आवश्यक रहेको बताउनु भयो।

**उत्कर्ष कोचिंग**

दार्जीलिङका राज्यसभा सांसद तथा पुर्व विदेश मंत्री हर्षवर्धन श्रृंगलाको दार्जीलिङ वेलफेयर सोसाईटी तथा पूर्व आईपीएस अनि सीईओ फिजिक्सवाला संग मिलेर दार्जीलिङ पहाड़ तराई तथा डुर्वसका आकांक्षी युवा युवतीहरूका लागि निशुल्क यूटी कार्श नाम कोचिंगको शुभारम्भ गर्नुभयो। यस अवसरमा कूचबिहारकालोकसभासांसद जयन्त कुमार रोय, फिजिक्सवाला का सीईओ के. सत्यनारायण तथा एनबीयू का उप-कूलपति प्रोफेसर महेन्द्र नाथ रोय उपस्थित थिए सिलिगुड़ी प्रेस क्लबमाआयोजिक उत्कर्ष कोचिंगको शुभारम्भ गर्दै श्री श्रृगंलाले भन्नुभयो- बाईट

**शंकर घोष-पर्यटन**

राज्यका पर्यटन मंत्री शंकर घोषले सिलीगुड़ीमा औपचारिक रूपले पर्यटन विभागको कार्यभार संभाल्नु भएको छ। आज शहरको मैनाक टूरिज्म प्रॉपर्टी स्थित कार्यालय पुगेर उहाँले जिम्मेवारी ग्रहण गर्नुभयो, जहां विभागीय अधिकारीहरुले उहाँलाई स्वागत गरे।
कार्यभार सम्हाले पछि पत्रकारसित बातचीत गर्दै मंत्री शंकर घोषले भन्नुभयो उहाँको मुख्य उद्देश्य उत्तर बंगालको पर्यटनलाई वैश्विक मंचमा नयाँ पहिचान दिलाउनु हो। जबकि सम्पूर्ण राज्यको पर्यटन उद्योगलाई अधिक आकर्षक बनाउनु हो। उहाँले भन्नुभयो हामी बंगालको पर्यटनलाई बिश्वको नक्शामा खास  स्थान बनाउन चाहन्छौ| मंत्रीले 17 जूनमा हुने एक अहम बैठकको सन्दर्भ निकाल्दै भन्नुभयो पर्यटन क्षेत्रको विकासका लागि धेरै प्रस्ताव तयार गरिएको छ, जसलाई राज्य मंत्रिमंडल अघि राखिने छ। उहाँले पहाड़ी क्षेत्रमा लामो समय देखि चलीरहेको समस्याहरुको समाधानका लागि प्रशासनिक पहलको आश्वासन दिनुभयो। बिशेष गरी दार्जिलिंगसम्म सड़कमा लाग्ने जामलाई ठुलो समस्या बताउते भन्नुभयो यस सम्बन्धमा जिला प्रशासनसित चर्चा भइसकेको छ अनि  चाडै समाधान निकाल्ने कोशिश गरिंदै छ। पर्यटन मंत्रीले उत्तर बंगालको चिया उद्योगको संरक्षण अनि विकासमा पनि जोड दिनुभयो । उहाँले स्पष्ट गर्नुभयो पर्यटनको विस्तारको नाममा चिया बगानहरुलाई नोक्सान गरिने छैन।

**अभिषेक बनर्जी- प्रवर्तन निदेशालय**

राज्यको प्राथमिक शिक्षक भर्ती घोटाला मामिलामा डायमंड हार्बरका लोकसभा सांसद तथा तृणमूल कांग्रेसका राष्ट्रीय महासचिव अभिषेक बनर्जीसित प्रवर्तन निदेशालयले आज सोधपुछ गरेको छ। सूत्र अनुसार, ईडीको सोधपुछको आधार, केंद्रीय अन्वेषण ब्यूरो (सीबीआई)को तेस्रो अनुपूरक आरोपपत्र हो। आरोपपत्रमा वर्ष 2017 को एक कथित 15 मिनटको ऑडियो बातचीतको उल्लेख गरिएको छ, जसमा कयौ पल्ट "अभिषेक बनर्जी" नाम अघि आएको थियो। बातचीतमा कथित रुपमा नौकरीको साटो धन लिने अनि त्यस धनको बिभाजनलाई लिएर चर्चा भएको दाबी गरिएको छ।यस मामिलामा पहिलेबाट नै तथाकथित "कालीघाटको काकू" सुजयकृष्ण भद्र, तृणमूलका पूर्व युवा नेता शांतनु बनर्जी तथा कुंतल घोषलाई पक्राउ गरिएको छ ।

**आर.जी. कर मेडिकल कॉलेज**

आर.जी. कर मेडिकल कॉलेज एवं अस्पतालमा महिला चिकित्सकको दुष्कर्म अनि हत्या मामिलाको नयाँ जांच अन्तर्गत केंद्रीय अन्वेषण ब्यूरो (सीबीआई)को विशेष जांच टीम आज अस्पताल पुग्यो। जांचकर्ताहरुले घटनास्थलको निरीक्षण गरे अनि मामिलासित सम्बन्धित विभिन्न आयामहरुको फेरी जांच शुरू गरेको छ।कलकत्ता हाईकोर्टले 21 मईमा सीबीआईका पूर्वी क्षेत्रका संयुक्त निदेशकको नेतृत्वमा विशेष जांच दल (एसआईटी) गठित गरी मामिलाको पुनः जांचको आदेश दिएको थियो। न्यायालयको निर्देश पछि जांच एजेंसीले आफ्नो कार्रवाईलाई तिब्र गरेको छ।सीबीआई सूत्र अनुसार, घटनाको दिन ड्यूटीमा उपस्थित अस्पताल कर्मचारीहरु अनि सुरक्षा कर्मिसित सोधपुछ गरियो ।

**बांग्लादेशी नागरिक पक्राउ**

भारत-नेपाल सीमामा सुरक्षा एजेंसिहरुले एक बांग्लादेशी नागरिकलाई अवैध रूपले भारत प्रवेश गर्ने प्रयासको क्रममा पक्राउ गरेको छ । घटना दार्जिलिंग जिल्लाको खोरीबाड़ी क्षेत्र स्थित पानीटंकी सीमा चौकीको हो। सशस्त्र सीमा बल (एसएसबी) अनुसार, आरोपी हिजो नेपालबाट भारतमा प्रवेस गर्ने प्रयास गरिरहेका थिए। जांच अवधि उनीबाट प्राप्त दस्तावेजहरुमा गड़बड़ी पाएपछि उनीलाई अधिनमा ल्याइएको हो। खोजीको क्रममा उनीबाट बांग्लादेशी पासपोर्ट, एक्सपायर वीज़ा, एक मोबाइल फोन अनि बांग्लादेशी सिम कार्ड बरामद भएको छ।

प्रारंभिक जांचमा आरोपितले बताए अनुसार उनी यही बर्ष फरवरीमा दलालको माध्यमले सर्बिया जाने उद्देश्यले बांग्लादेशबाट नेपाल पुगेका थिए। तर दलालसित संपर्क टूटेपछि अवैध रूपले भारत प्रवेश गर्ने प्रयास गरेको थाहा लागेको छ। एसएसबीले आरोपितलाई अघिको कार्रवाईका लागि आज खोरीबाड़ी थाना पुलिसलाई सौम्पिएको छ।

**अजय एडवर्डस**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका निर्वाचित सभासद तथा इण्डियन गोर्खा जनशक्ति फ्रन्टका प्रमुख संयोजक अजय लुकास एड्वर्ड्सले पश्चिम बंगालका माननीय मुख्यमन्त्री श्री सुवेन्दु अधिकारीलाई वन अधिकार ऐन (Forest Rights Act – FRA),२००६ को प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न तथा दार्जेरलिङ पहाड,कालेबुङ र आसपासका क्षेत्रका वन बस्तीहरूमा सरकारी कल्याणकारी योजना तथा विकास परियोजनाहरू विस्तार गर्न तत्काल आवश्यक कदम चाल्न औपचारिक रूपमा पत्र लेख्नुभएको छ। आज प्रेषित आफ्नो पत्रमा श्री एड्वर्ड्सले हालै राज्य सरकारले चिया बगान तथा सिन्कोना बगान क्षेत्रमा कल्याणकारी योजनाहरू विस्तार गर्ने सम्बन्धमा जारी गरेको अधिसूचनाको स्वागत गर्नुभएको छ।तथापि,वन बस्तीहरूका लागि यस्ता योजनाहरू लागू हुने विषयमा कुनै स्पष्ट अधिसूचना वा स्पष्टीकरण नभएको कारण वनवासी समुदाय अझै अन्योलमा रहेको उहाँले उल्लेख गर्नुभएको छ।वन बस्तीका बासिन्दाहरूले लामो समयदेखि भोग्दै आएका समस्याहरूलाई उजागर गर्दै श्री एड्वर्ड्सले वन अधिकार ऐन लागू भएको करिब दुई दशक बितिसक्दा पनि धेरै योग्य लाभग्राहीहरूले अझै आफ्नो अधिकारको औपचारिक मान्यता प्राप्त गर्न नसकेको बताउनुभएको छ।

**मौसम**

मौसम विभाग अनुसार उत्तर बंगालको जिल्लाहरुमा भारी देखि अति भारी बर्षाको क्रम जारी रहने छ। भोलिसम्म अलीपुरद्वार जिल्ला अनि जलपाईगुड़ी जिल्लामा गर्जनसहित अति भारी वर्षा हुन सक्नेछ। यस बाहेक दार्जिलिंग जिल्ला, कालेबुंग जिल्ला, कूचबिहार जिला, अलीपुरद्वार अनि जलपाईगुड़ीमा बिहिबारसम्म धेरै स्थानहरुमा भारी बर्षाको संभावना जताइएको छ। मौसमको यस असमान स्थितिका कारण एकतर्फ उत्तर बंगालमा भारी वर्षा जारी छ, जबकि दक्षिण बंगालमा गर्मी अनि उष्ण मौसमका कारण जनजीवन प्रभावित बनेको छ।

**********